
# त्रिविमा चारैतिरबाट आक्रमण भइरहेको छ

डा. तीर्थ खनिया
उपकुलपति, त्रिभुवन विश्वविद्यालय



त्रिभुवन विश्वविद्यालयका उपकुलपति तीर्थ खनियासँग मार्टिन चौतारीका अनुसन्धाता **प्रमोद भट्ट, देवेन्द्र उप्रेती, प्रत्यूष वन्त** र **लोकरञ्जन पराजुली**ले गरेको लामो वार्ताको सम्पादित अंश ।

**त्रिभुवन विश्वविद्यालय (त्रिवि) मा उपकुलपति भएर आउनुभएको करीब एक वर्ष भयो । यस अवधिमा तपाईंले ठम्याएका त्रिविका प्रमुख चुनौती के हुन् ?**

त्रिविमै लामो समय प्राध्यापन गरेको नाताले त्रिविलाई मैले बुझेको छु जस्तो लाग्थ्यो । तर त्यो भ्रम रहेछ । मैले त्रिविलाई राम्रोसँग बुझेको नै रहेनछु । क्याम्पस बुझ्नका लागि क्याम्पसप्रमुख नै हुनुपर्छ भनेजस्तै त्रिवि बुझ्नलाई उपकुलपति नै हुनुपर्ने रहेछ । उपकुलपतिको आँखाबाट बुझ्दै जाँदा त्रिवि त (न) रमाइलो ढंगले व्यवस्थापन हुँदै आएको रहेछ । त्रिविमा थाती रहेका कामहरू असाध्यै चुनौतीपूर्ण छन् । अदालतमा दशौं वर्षसम्म पुराना मुद्दा चलिरहेका छन् । तीमध्ये कैयौं फाइल एकदमै अप्ठ्यारो स्थितिमा छन् । त्रिविका एकतिहाइ फाइल अख्तियारले लगेको छ । त्रिविको आफ्नै ऐन छ, त्रिवि सभाले पास गरेका कार्यविधि र नियम छन्, तर नीति नियमअनुसार विश्वविद्यालय चलेको छैन । सेवा आयोग नियमित खोल्न नसक्दा धेरैजसो कक्षा आंशिक शिक्षकले लिनुपर्ने बाध्यता छ । विद्यार्थी, प्राध्यापक तथा कर्मचारी संघ-संगठनहरूको राजनीतिक प्रभाव पनि असाध्यै बढी छ । अर्को कुरा, त्रिवि पब्लिक विश्वविद्यालय हो कि निजी हो भन्ने पनि प्रष्ट छैन । कुनै पनि पब्लिक संस्थाका कर्मचारीले पेन्सन सरकारी कोषबाट खान्छन् । तर वार्षिक एक अर्ब जति खर्च हुने पेन्सनका लागि भनेर सरकारले त्रिविलाई एक पैसा पनि दिँदैन । विगतलाई गाली त नगरौं तर त्रिवि एक किसिमले अस्तव्यस्तताका बीच चल्दै आएको रहेछ ।

**यी चुनौतीलाई कसरी सामना गर्ने सोचिरहनुभएको छ त ?**

उपकुलपति भएपछि मोटामोटी तीनओटा कुरामा मेरो जोड रह्यो । पहिलो, त्रिविको ऐन र नियमअनुसार त्रिवि चल्नुपर्छ । उदाहरणका लागि, अब आइन्दा कोही पनि विदेश जानुअघि त्रिविबाट पूर्वस्वीकृत लिनुपर्ने व्यवस्था गरेका छौं । प्राध्यापकलाई इलेक्ट्रोनिक हाजिरीको व्यवस्था अनिवार्य गरेका छौं र अनुमति नलिई बाहिर पढाउन पाइँदैन भनेका छौं । दोस्रो, त्रिविमा कक्षाहरू सधैं आंशिक शिक्षकले चलाउनुपर्ने पद्धतिको अन्त्य हुनुपर्छ । त्यसनिम्ति त्रिवि सेवा आयोग नियमित खोल्ने व्यवस्था गरिनुपर्छ । यसैलाई ध्यान दिएर हामीले २०७२ मा खुल्ला र करार शिक्षकको लिखित परीक्षा लिई पनि सक्यौं । त्यसको परिणाम, भर्खरै प्रकाशित भएको छ । हामीले २०१ जना कर्मचारीलाई त्रिविका विभिन्न क्याम्पसमा पदस्थापन पनि गरिसक्यौं । त्रिविको इतिहासमा सेवा आयोगले सबैभन्दा बढी काम गरेको वर्ष हो, यो । अहिले त्रिविका आंगिक क्याम्पसको दरबन्दीको अवस्थाबारे अध्ययन गरिरहेका छौं ।

तेस्रो पक्ष त्रिविको वित्तीय व्यवस्थापनसँग सम्बन्धित छ जसमा अलिक गहिरो छलफल गर्नुपर्छ भन्ने मैले ठानेको छु । त्रिवि पब्लिक विश्वविद्यालय हो कि निजी हो भन्ने प्रश्न महत्त्वपूर्ण छ । केही समयअघि मैले व्यवस्थापिका संसद् सदस्यसमक्ष त्रिविलाई कि पब्लिक विश्वविद्यालय भन्नुहोस् पेन्सन फन्ड दिनुहोस् कि निजी विश्वविद्यालय भन्नुहोस् हामी हाम्रो तरीकाले अगाडि जान्छौं भनें । यसबारे शिक्षा मन्त्रीसँग कुरा गरें, प्रधानमन्त्रीसँग कुरा गरें । त्रिविका प्राध्यापक र कर्मचारीलाई पेन्सन त हामी खुवाई नै हाल्छौं । फरक के मात्रै हो भने सरकारले पेन्सन दियो भने विश्वविद्यालयको *पब्लिकनेस* बढ्छ, हामीले दियौं भने *प्राइभेटनेस* बढ्छ । यो बहसमा हामी छौं ।

**हामीलाई त्रिविको मूल समस्या यसको भयङ्कर आकार हो भन्ने लाग्छ। यसबारे तपाईंको के विचार छ ?**

केही समयअघि एक अमेरिकन विश्वविद्यालयका प्राध्यापकले "म मेरा विद्यार्थीलाई नामले बोलाउन सक्छु" भन्दा मैले "म त मेरा आंगिक क्याम्पसका प्रमुखलाई समेत नामले बोलाउन सक्दिनँ, कतिपयलाई त चिन्न पनि सक्दिनँ होला" भनें। अरू सम्बन्धनप्राप्त करीब ११ सय क्याम्पस त के-कसरी चलेका छन् भन्ने नै कल्पना बाहिरको कुरा भयो। अर्थात् त्रिवि ज्यादै ठूलो भयो भन्नेमा कसैको विमति छैन। त्रिवि यति ठूलो भइसकेको छ कि एक दुई घण्टामा सक्छु भनेर कुनै बैठक समेत बोलाउन मिल्दैन। 'शीर्षस्थ पदाधिकारी' को मात्र बैठक गरौं भन्दा पनि ४० जनाभन्दा धेरैलाई बोलाउनुपर्छ। डीन, अनुसन्धान संस्थाका निर्देशक र केन्द्रीय विभागका प्रमुखको बैठक बोलाउँदा त १०० जनाभन्दा बढी हुन्छन्। बैठकमा एक जनालाई एक मिनेट समय दियो भने पनि १०० मिनेट लाग्छ। यस्तो अवस्थामा गम्भीर छलफल हुन सक्दैन।

त्रिवि यस्तो अवस्थामा आउनुमा केही खास ऐतिहासिक कारण रहेका छन्। विभिन्न कारणले गर्दा स्थापनाकालबाटै यो सम्बन्धन दिने विश्वविद्यालयको रूपमा विकसित भयो, जुन तत्कालीन अवस्थामा ठीकै पनि थियो होला। २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले देशभर रहेका सामुदायिक क्याम्पसलाई लिएपछि यसको आकार झनै बृहत् भयो। देशमा लामो समयसम्म त्रिवि मात्रैले उच्च शिक्षाको जिम्मेवारी लियो। आंगिक क्याम्पसले मात्र विद्यार्थीको चाप थेग्न नसकेपछि निजी तथा सामुदायिक क्याम्पसलाई सम्बन्धन दिन थाल्यौं, जुन पछिल्लो दशकमा असाध्यै बढेर गयो। यसले अर्को चुनौती थप्यो। शुरूमै हामी बहु-विश्वविद्यालयको पद्धतिमा गएको भए यस्तो हुने थिएन होला। तर यस्तै गोलचक्कर बीच त्रिविको विकास र विस्तार भयो र यो संसारकै ठूलोमध्येको विश्वविद्यालय बन्न पुग्यो, जसले यसको गुणस्तरलाई नराम्ररी असर गऱ्यो।

**२०४६ सालपछि गठन भएका शिक्षा आयोगका प्रतिवेदन तथा सरकारका योजनाले त्रिविका केही ठूला क्याम्पसलाई नै नयाँ विश्वविद्यालयमा रूपान्तरण गर्ने नीति लिए। तर यसको कार्यान्वयनमा त्रिविले असहयोग गरेको जस्तो देखिन्छ। सन् २०१० मा स्थापना भएका कृषि तथा वन, मध्यपश्चिम, र सुदूरपश्चिम विश्वविद्यालय तथा त्रिविबीच भएको सम्पत्ति विवादलाई यस्तो असहयोगको उदाहरणका रूपमा लिन सकिन्छ। यसबारे तपाईंको धारणा के हो ?**

त्रिविका आंगिक र निजी क्याम्पसलाई एकीकृत गरेर पाँचै विकास क्षेत्रमा नयाँ विश्वविद्यालय खोलिनुपर्छ भन्ने नीतिगत बहस २०४६ सालपछि अघि बढेको हो। यसमा कसैको विमति थिएन र छैन पनि। तर यसबारेमा नीतिगत स्पष्टता भने भएन। हामी कहाँनेर प्रष्ट छैनौं भने निश्चित विषय प्राध्यापन गर्ने विशिष्टीकृत विश्वविद्यालय खुल्दैमा अरू विश्वविद्यालयले सो विषय पढाउन पाउने कि नपाउने ? दुनियाँमा निश्चित विषय मात्र पढाउने विश्वविद्यालय पनि हुन्छन्, सबै विषय पढाउने विश्वविद्यालय पनि हुन्छन्। हामी यसमा प्रष्ट हुनु जरूरी छ। के विषय पढाउने भन्ने त मूलतः विश्वविद्यालय आफैंले निर्णय गर्ने विषय हो। समय र बजारको माग अनुसार विश्वविद्यालयले नयाँ शैक्षिक कार्यक्रम र संकाय खोल्न सक्छ र खोल्नु पनि पर्छ। त्यसैले रामपुरमा त्रिविको आंगिक क्याम्पसको परिसरमा कृषि तथा वन विश्वविद्यालय खुल्ने बित्तिकै त्रिविले त्यहाँ कृषि पढाउनै हुँदैन भन्ने होइन। तर २०६७ मा व्यवस्थापिका संसद्बाट नयाँ विश्वविद्यालय – कृषि तथा वन, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलको ऐन जसरी बन्यो र ती विषयको पठन-पाठनबाट त्रिविलाई बलपूर्वक निकाल्न खोजियो यसबाट त्रिविको मौजूदा स्वरूपलाई कमजोर बनाउने प्रयास भयो। यसलाई मैले त्रिविमा भएको आक्रमण मानेको छु।

**तपाईंले नयाँ विश्वविद्यालय बनाउने क्रममा त्रिविमा 'आक्रमण' भयो भन्नुभयो। यसलाई थप प्रष्ट पार्न सक्नुहुन्छ ?**

मैले 'आक्रमण' शब्द एकदम रोजेर किन भनिरहेको छु भने २०६७ सालमा नयाँ विश्वविद्यालयहरूको ऐन बनाउँदा त्रिविको फलानो क्याम्पसको परिसरमा फलानो विश्वविद्यालय खोल्ने भनियो तर यसबारे त्रिविलाई केही पनि जानकारी गराइएन। बरू त्रिविलाई त्यहाँबाट जबर्जस्ती हटाइयो वा हटाउने प्रयास गरियो। यसरी सरकार, संसद् र पब्लिकबाट समेत त्रिविमा आक्रमण भयो। त्रिविका चारओटा अध्ययन संस्थानमध्ये चिकित्साशास्त्र र इन्जिनियरिङ अहिले स्वायत्त किसिमले सुचारु छन्। यी अध्ययन संस्थानले राम्रो जनशक्ति उत्पादन पनि गरिरहेका छन्। तर कृषि तथा वन अध्ययन संस्थानमा हस्तक्षेप गरी त्रिविबाट यी विषयमा राम्रो जनशक्ति उत्पादन गर्ने काममा बाधा उत्पन्न भयो। यस्तो जनशक्ति उत्पादन गर्न कुनै पनि विश्वविद्यालयलाई लामो समय लाग्छ। एउटा राम्रोसँग चलिरहेको संस्थालाई पनि रोक्ने अनि अर्को संस्थाले पनि राम्रो उत्पादन ननिकाल्दा यसको जवाफदेही को त ?

त्रिविको स्वरूप र आकार यसको सम्पत्ति खोसेर घटाउने होइन। अहिले पनि जनकपुर, वीरगञ्ज, नेपालगञ्ज लगायत विभिन्न ठाउँमा विश्वविद्यालय खोल्ने प्रस्तावना गएका छन् र ती प्रस्तावमा त्रिविका राम्रा आंगिक क्याम्पसलाई नयाँ विश्वविद्यालयमा रूपान्तरण गर्ने भनिएको छ। माउ संस्था (त्रिवि) सँग सल्लाह नै नगरी यसका क्याम्पसलाई विश्वविद्यालय बनाउने नीति, कार्यक्रम र निर्णयको कार्यान्वयन कसरी हुन सक्छ? फेरि नयाँ विश्वविद्यालयले त्रिविका राम्रा अध्ययन संस्थान र क्याम्पसलाई मात्र लिने भन्ने कुरा पनि जायज भएन। त्रिविले आफ्ना राम्रा अध्ययन संस्थान र आंगिक क्याम्पस नयाँ विश्वविद्यालयलाई छाड्दै जाने हो भने यसको भविष्य कसरी रहन्छ ? यो त्रिवि पदाधिकारी, प्राध्यापक, विद्यार्थी र शुभेच्छुक सबैले सोच्ने विषय हो।

यदि त्रिवि ठूलो भएको छ भने यसमा सम्बन्धनरत १ हजार ८४ ओटा क्याम्पसलाई लिने संस्था चाहियो। सम्बन्धनरत क्याम्पसलाई छोड्ने, त्रिविका राम्रा-राम्रा क्याम्पस चाहिं लैजाने कुरामा भने सहमत हुन सकिंदैन। त्यही भएर मैले त्रिविमा आक्रमण भयो भनेको हुँ। अर्को कुरा विगतमा प्रधानमन्त्रीको रूपमा बाबुराम भट्टराई आउनुभयो, पुष्पकमल दाहाल (प्रचण्ड) आउनुभयो, केपी

**त्रिविको सम्पत्ति पनि नेपाल सरकारले दिएको हो, त्रिविको सभाबाट पास गरेर लिन सकिन्छ, किन्न पनि सकिन्छ। तर आक्रमण गरे अदालतमा मुद्दा चल्छ र जसले मुद्दा जित्छ उसैले लैजाने हो। यसबारे त्रिविको सम्पत्ति त्रिवि ऐनमा भएको प्रावधानविपरीत वा इच्छाबेगर अन्यत्र लान मिल्दैन।**

ओली आउनुभयो, त्रिविको कुलपति हुनुभयो तर उहाँहरूको समर्थन भने कृषि तथा वन विश्वविद्यालयलाई भयो। पछिल्लो चोटि पनि सरकारबाट त्रिविमा आक्रमण भएको छ। हेटौंडामा त्रिविले वन विज्ञानमा भर्ना लिन खोज्दा हाम्रो भर्ना रोकियो। हाम्रो प्रवेश परीक्षा दिन आउने विद्यार्थीलाई प्रशासनको असहयोग भयो। डीन, क्याम्पस प्रमुखलाई समेत समातेर राखियो। मन्त्रिपरिषद्ले भर्खरै त्रिविको हेटौंडामा भएको कार्यक्रम सार्ने निर्णय गरेको छ। वास्तममा त्यो मन्त्रिपरिषद्ले निर्णय गर्ने विषय नै होइन र यस्तो निर्णय त्रिविले मान्नु जरूरी पनि छैन। त्रिविको लामो इतिहास, अनुभव र अधिकार भएको कार्यक्रमलाई प्रशासनको हस्तक्षेपबाट रोकेर कृषि तथा वन विश्वविद्यालयको कक्षालाई चाहिं सहयोग गर्ने भनेको आक्रमण नभएर के हो त?

**त्रिवि र नयाँ विश्वविद्यालयबीच अहिले रहेको सम्पत्ति बाँडफाँडको विषय अब के हुन्छ त?**

त्रिवि र नयाँ विश्वविद्यालयबीच रहेको सम्पत्ति बाँडफाँडको विषय जटिल छ भन्ने कुरा मलाई त्रिविको उपकुलपति बन्नुभन्दा अगाडि नै थाहा थियो। यो विषय थप जटिल नबनोस् भनेर मैले कृषि तथा वन विश्वविद्यालयका उपकुलपतिलाई यस विषयमा प्राविधिक अध्ययन गराऊँ र त्यो प्राविधिक समितिले दिएको प्रतिवेदन अनुसार काम गरौं भनें। प्राविधिक रिपोर्टमा टेकेर काम गरे सबैको फेस-सेभिङ हुन्छ। त्रिविको उपकुलपतिले त्रिविको सम्पत्ति कृषि तथा वन विश्वविद्यालयलाई दियो भन्ने आरोप पनि नलागोस्, दुवै विश्वविद्यालयको हितमा काम पनि होस्। यसलाई ध्यान दिएर म र विश्वविद्यालय अनुदान आयोगका अध्यक्षले सरकारलाई योजना आयोगका सदस्यको अध्यक्षतामा प्राविधिक समिति गठन गर्न सिफारिश गर्‍यौं। सिफारिश अनुसार (गीताभक्त जोशी) योजना आयोगका सदस्यको अध्यक्षतामा प्राविधिक समिति त गठन भयो तर गठन गर्दा त्रिविको सल्लाह पनि लिइएन प्रतिनिधित्व पनि भएन। प्राविधिक समितिमा को बस्नुभयो भन्दा निवर्तमान शिक्षा मन्त्रीजीकै पार्टीसँग नजिक पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति (केशरजंग बराल), एमालेनिकट त्रिविकै प्राध्यापक (भरत पोखरेल) र मन्त्रालयका एकजना सहसचिव। यद्यपि हामीले यो समितिको पनि विरोध गरेका छैनौं। समितिले रिपोर्ट देओस् भनेर प्रस्ताव राखे पनि त्यसले अध्ययन प्रक्रिया अगाडि बढाएको छैन।

मैले चित्रलेखा यादव शिक्षा मन्त्री हुँदाखेरी पनि भनेको थिएँ, कतै सर्वोच्च अदालतले त्रिविको सम्पत्ति त्रिविकै हो भनेर निर्णय नगरोस्। त्यसो भयो भने यो जटिल हुन्छ, सर्वोच्चको आदेश लागू नगर्न पनि गाह्रो हुन्छ, लागू गर्न पनि गाह्रो हुन्छ। त्यो भन्दा अगाडि नै नेपाल सरकारको मध्यस्थतामा कृषि तथा वन विश्वविद्यालय र त्रिविबीच एउटा समझदारी गरेर हामी मिल्यौं भनेर अदालतमा गएर सम्पत्तिको छिनोफानो गर्न सक्यौं भने सहज हुन्छ। कृषि तथा वन विश्वविद्यालय खोल्दैमा त्रिविले यी विषयमा कार्यक्रम चलाउनुहुँदैन भन्ने पक्षमा म छैन। दुवैमा यी कार्यक्रम राम्ररी चल्न सक्छन्। यी कार्यक्रमबीच प्रतिस्पर्धा हुनसक्छ र हुनुपर्छ पनि। दुईवटा विश्वविद्यालय नजिक हुँदैमा चल्दैन भन्ने कुरा होइन। संसारका दुई उत्कृष्ट विश्वविद्यालय हार्वर्ड र एमआइटी करीव एक किलोमिटरको दूरीमा चल्ने, हाम्रोमा नचल्ने भन्ने हुँदैन। त्रिविको ३८० बिघा जमीनमा कृषि तथा वन विश्वविद्यालय उभिने बित्तिकै त्रिवि त्यहाँबाट भाग्नुपर्छ भन्ने स्वीकारयोग्य हुँदैन।

**त्रिविका राम्रा आंगिक क्याम्पसलाई नयाँ विश्वविद्यालयमा रूपान्तरण गर्ने भनिएको छ। माउ संस्था (त्रिवि) सँग सल्लाह नै नगरी यसका क्याम्पसलाई विश्वविद्यालय बनाउने नीति, कार्यक्रम र निर्णयको कार्यान्वयन कसरी हुन सक्छ? फेरि नयाँ विश्वविद्यालयले त्रिविका राम्रा अध्ययन संस्थान र क्याम्पसलाई मात्र लिने भन्ने कुरा पनि जायज भएन।**

**यसको मतलब यो मुद्दाको तत्काल सहज निकास छैन, हैन त?**

महत्त्वपूर्ण कुरा, नयाँ विश्वविद्यालय कसरी खोल्ने भन्ने नीतिगत स्पष्टता नहुँदा यस्तो भइरहेको छ। सबै कुरा राजनीतिक शक्ति परिचालनमा गयो। आफू शक्तिमा हुँदा राजनीतिक पहुँचका आधारमा विश्वविद्यालय खोल्ने चलनले यस्तो भएको हो। त्रिविको सभामा बाह्य त कोही पनि छैनन्। कुलपति प्रधानमन्त्री हुनुहुन्छ, सहकुलपति शिक्षामन्त्री हुनुहुन्छ, म सरकारले नियुक्त गरेको उपकुलपति छु, रेक्टर, रजिस्ट्रार हामीले नियुक्त गरेका साथीहरू हुनुहुन्छ, अत्यधिक त हामी नै छौं। मेरो मान्यता के हो भने त्रिवि सभामा यो मुद्दाबारे छलफल गर्न सकिन्छ। छलफल जति नै कठिन र पीडादायी भए पनि त्यहाँ यसबारे निर्णय गर्न सकिन्छ। त्रिवि ऐनबाट गठन भएको स्वायत्त विश्वविद्यालय हो, त्यसैले ऐन अनुसार काम गर्ने हो। राजनीतिक शक्तिको आडमा त्रिविको सम्पत्ति जबर्जस्ती लिने मानसिकता ठीक भएन। त्रिविको सम्पत्ति नेपाल सरकारले आफूले चाहेको कुरामा प्रयोग गर्ने हो भने सरकारको एउटा निर्णय चाहियो। क्षतिपूर्ति दिने हो? खोस्ने हो? त्रिवि सभामा ल्याएर प्रस्ताव पास गर्ने हो? केही न केही आधार त चाहियो नि! म कुनै पनि बहसमा जान तयार छु। त्रिविको सम्पत्ति पनि नेपाल सरकारले दिएको हो, त्रिविको सभाबाट पास गरेर लिन सकिन्छ, किन्न पनि सकिन्छ। तर आक्रमण गरे अदालतमा मुद्दा चल्छ र जसले मुद्दा जित्छ उसैले लैजाने हो। यसबारे त्रिवि उपकुलपतिको हैसियतमा मेरो सिद्धान्त एउटा मात्र छ– त्रिविको सम्पत्ति त्रिवि ऐनमा भएको प्रावधानविपरीत वा इच्छाबेगर अन्यत्र लान मिल्दैन। कृषि तथा वन, मध्यपश्चिम र सुदूरपश्चिम विश्वविद्यालय सबैमा यही लागू हुन्छ।

**प्रसंग बदलौं, त्रिविको आकारलाई व्यवस्थित गर्ने तथा अनुसन्धान केन्द्र तथा जनशक्तिलाई अनुसन्धानमुखी बनाउने बारे तपाईंले के गरिरहनुभएको छ?**

त्रिविको आकार ठूलो भएको कुरा म अहिले पनि भन्छु। यसले थामी नसक्ने भारी बोक्नु परेको छ तर यो भारी व्यवस्थित ढंगबाट मात्र झिक्नुपर्छ। त्रिविलाई कसरी व्यवस्थित गर्ने भन्नेबारे केही महत्त्वपूर्ण नीतिगत निर्णय हामीले गरिसक्यौं र केही प्रक्रियामा छन्। हामीले भर्खरै त्रिविको सम्बन्धन सम्बन्धी नीति ल्याएका छौं। अब राम्रोसँग नचलेका क्याम्पसलाई सम्बन्धन विमुख गर्दै जाने र नयाँ सम्बन्धन दिंदा क्षेत्रीय सन्तुलनमा पनि ध्यान दिने यो नीतिको उद्देश्य हो। अहिले काठमाडौंमा त्रिविका ६०० क्याम्पस हुने अनि दार्चुलामा एउटै पनि नहुने अवस्था छ। त्यसैगरी त्रिविमा जे जति शैक्षिक कार्यक्रमहरू सञ्चालनमा छन् त्यसले मात्रै पुग्दैन। बजार र समाजको माग अनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्छ। त्रिवि राष्ट्रिय विश्वविद्यालय हो र देश संघीय संरचनामा गइसकेको

अवस्थामा कमसेकम हरेक प्रदेशमा कृषि, वन, चिकित्सा र इन्जिनियरिङमा एक-एकवटा क्याम्पस खोल्नुपर्छ। विश्वस्तरीय विश्वविद्यालय हुनका लागि मानविकी र शिक्षाले मात्रै पुग्दैन, प्राविधिक विषयको विस्तार एकदमै आवश्यक छ।

त्यसैगरी त्रिविलाई अनुसन्धानमुखी बनाउने कुरा एकदमै महत्त्वपूर्ण छ। केही समयअघि व्यवस्थापिका संसद् सदस्य, शिक्षा मन्त्री तथा प्रधानमन्त्रीसमक्ष मैले के पनि प्रस्ताव गरें भने तपाईंहरू क्रमश: २०, २५, ४०, ५० करोड त्रिविको पेन्सन कोषमा थप्दै जानुहोस् त्यो बराबरको रकम हामी त्रिविको अनुसन्धान कोषमा हालिदिन्छौं। यदि त्रिविले वर्षको एक अर्ब अनुसन्धानमा खर्च गर्न सक्यो भने यो *ग्लोबल र्‍याङ्किङ* मा माथि गइहाल्छ। तर मेरो प्रस्ताव सरकारले मानेन। मैले प्रत्येक विभागलाई एमफिल र पीएचडी कार्यक्रम सञ्चालन गर्न जोड गरिरहेको छु। कमसेकम विश्वविद्यालयमा पढाउने शिक्षक पीएचडी गरेका होऊन् भन्ने मेरो इच्छा छ। राम्रा विश्वविद्यालयले राम्रा विद्यार्थीलाई पीएचडी गर्न छात्रवृत्ति दिन्छन् र तिनलाई फ्याकल्टी बनाउँछन्। उच्च शिक्षाको विकास त यसरी नै हुने हो नि! अब उप्रान्त विद्यावारिधि नगरेको व्यक्ति केन्द्रीय विभागमा पढाउन आउँदैनन्। त्यसैगरी हामी विदेशी विश्वविद्यालयसँगको सहकार्यलाई अगाडि बढाइरहेका छौं।

**त्रिविले आफ्ना केन्द्रीय विभागमा (र केही विषयमा अन्य क्याम्पसमा पनि) सेमेस्टर प्रणाली शुरू गरेको छ। सेमेस्टर प्रणाली लागू भएपछि विद्यार्थीको संख्या घटेको देखिन्छ। एक हिसाबले भन्दा सेमेस्टर प्रणाली त्रिविको राइट साइजिङ र जवाफदेहितासँग प्रत्यक्ष सम्बन्धित छ। सेमेस्टर प्रणालीलाई सबै क्याम्पसमा कहिले विस्तार गर्ने योजना छ ?**

वार्षिक प्रणालीबाट सेमेस्टर प्रणालीमा जाने कुरा एकदम कठिन हो। सेमेस्टर प्रणालीको शुरूआत त्रिविमा गलत ढंगले भएको छ। सेमेस्टर प्रणाली त्रिविमा जुन पूर्वतयारीका साथ शुरू गरिनुपर्थ्यो, त्यो भएन। स्नातकोत्तर तहबाट सेमेस्टरको पढाइ शुरू गर्ने होइन, विश्वविद्यालय प्रवेश तह (स्नातक) बाट गर्नुपर्थ्यो। अहिले के भइरहेको छ भने धेरै विद्यार्थी भर्ना हुने स्नातक तह वार्षिक प्रणालीमै सञ्चालित छ। यी सबै विद्यार्थीलाई सेमेस्टर प्रणालीमा पढाउन त्रिविको अहिलेकै पूर्वाधार र जनशक्तिले धान्न सक्दैन। अर्को कुरा के छ भने वार्षिक प्रणालीमा पढाउन अभ्यस्त भइसकेका शिक्षकलाई सेमेस्टरतर्फ लैजान पनि निकै चुनौतीपूर्ण हुने देखिन्छ। तर पनि त्रिवि सेमेस्टर प्रणालीमा जानुपर्छ, त्यसका लागि के गर्नुपर्छ भन्नेबारे हामी सबैले सोच्नुपर्छ। अब विस्तारै सेमेस्टर प्रणाली देशैभरि लागू गर्ने हो। आगामी दुई वर्षभित्र स्नातक तहमा पनि सेमेस्टर प्रणाली लागू गर्ने योजना हाम्रो छ।

**विश्वविद्यालयमा सुधार ल्याउन राजनीतिक दलहरूको प्रतिबद्धता आवश्यक छ तर उनीहरूबाट यस्तो प्रतिबद्धता तत्कालै आउला भन्ने लाग्दैन। यस्तो अवस्थामा अगाडि बढ्ने तपाईंको योजना के छ ?**

नेपालमा नीति, नियम र योजना सबै प्रष्ट भएपछि मात्र काम गर्छु भन्न थाल्ने हो भने यो हाम्रो कार्यकालमा त के, हाम्रो जिन्दगीमा पनि सम्भव हुँदैन होला। अब कसरी अगाडि बढ्ने भन्नेमा म प्रष्ट छु। सबै कुरा अगाडि बढाउने र कुनै पनि कुरालाई नरोक्ने अर्थात् सबै कुरा गरेर जाने। सबै कुरा मैले भने अनुसार हुँदैन। नगरी नहुने ठाउँमा कम्प्रोमाइज गर्ने, र अरूमा लबिङ गरेर, पेलेर जाने। मतलब, टुक्रिने भाँच्चिने गरी लडाइँ नगर्ने, हुने जति सकेसम्म गराएर जाने। ☐